# ध्याय ८: पर्यावरण संरक्षण

हङकङको १११४.४ वर्ग किलोमिटर जमिनमा करिब ७० लाख (वा ७ मिलियन) मानिसहरू बस्छन्। सानो क्षेत्रमा मानिसहरू र गतिविधिहरूको भारी चापले वायुको गुणस्तर सहित वातावरणमा धेरै दबाव दिन्छ। हङकङको एक नागरिकको हैसियतमा, तपाईंले वातावरण संरक्षणमा मद्दत गर्न महत्त्वपूर्ण भूमिका खेल्दै हुनुहुन्छ।

## वातावरण संरक्षण विभाग

वातावरण र पारिस्थितिकी ब्यूरो (Environment and Ecology Bureau, EEB) अन्तर्गतको वातावरण संरक्षण विभाग (Environmental Protection Department, EPD) वातावरणको लागि समग्र नीतिको निम्ति जिम्मेवार रहेको छ। यसले वातावरणीय नीतिहरू कार्यान्वयन गर्दछ; पर्यावरण योजना र मूल्याङ्कन अध्ययनहरू मूल्याङ्कन गर्दछ; वातावरणीय कानूनहरूलाई लागू र समीक्षा गर्दछ; योजना र फोहोर निपटानको लागि स्थलहरूको विकास गर्दछ; वातावरणीय व्यवस्थापनलाई बढावा दिन्छ; लेखापरीक्षण र रिपोर्टिङ गर्दछ; र समुदायमा वातावरणीय चेतना जगाउँछ।

## फोहोर घटाउने र पुन: प्रयोग गर्ने

डिस्ट्रिक्ट स्तरमा फोहोर घटाउने र रिसाइक्लिङ्ग प्रतिको समर्थनलाई सुदृढ गर्न, EPDले सक्रिय रूपमा एक नयाँ सामुदायिक रिसाइक्लिङ्ग नेटवर्क निर्माण गरिरहेको छ, जुन हो - GREEN@COMMUNITY, रिसाइक्लिङ्ग स्टेशनहरू, रिसाइक्लिङ्ग स्टोरहरू र रिसाइक्लिङ्ग स्पटहरू सहित, जुन जनताबाट हरियालीलाई अपनाउन र वातावरण-मैत्री जीवनयापन संस्कृति स्थापित गर्न थप समर्थन जुटाउने उद्देश्यले सञ्चालन गरिएको हो।

सबै रिसाइक्लिङ्ग स्टेशनहरू, रिसाइक्लिङ्ग स्टोरहरू र रिसाइक्लिङ्ग स्पटहरूले नौ सामान्य प्रकारका रिसाइकल गर्न सकिने सामग्रीहरू स्वीकार गर्छन्। सङ्कलित रिसाइकल गर्न सकिने वस्तुहरूलाई क्रमबद्ध गरिनेछ र त्यसपछिको प्रशोधनका लागि तलका तहमा रहेका रिसाइक्लरहरूलाई पठाइनेछ। सामुदायिक रिसाइकलिङलाई प्रवर्द्धन गर्न "GREEN$ Electronic Participation Incentive Scheme" पनि सुरू गरिएको थियो। जनताले रिसाइक्लिंग नेटवर्क अन्तर्गत २२० भन्दा बढी सार्वजनिक सङ्कलन बिन्दुहरूमा रिसाइकल गर्न मिल्ने वस्तुहरू ल्याएमा उपहार वस्तुहरूमा छुट प्राप्त गर्नको लागि योजना अन्तर्गत GREEN$ कमाउन सक्छन्।

सामुदायिक रिसाइक्लिंग नेटवर्क अन्तर्गत सङ्कलन आउटलेटहरूको विवरणहरूको लागि, कृपया EPD को वेबसाइटमा जानुहोस्
www.wastereduction.gov.hk/en/community/crn_outlets.htm#recyc_stations

## फोहोर प्रशोधन र परिसरहरू

इकोपार्क (EcoPark), हङकङको पहिलो रिसाइक्लिंग-व्यापार पार्क, लगभग २००,००० वर्ग मिटरको साइट क्षेत्रमा टुएन मुनमा रहेको छ र यो वातावरणीय तथा रिसाइकल उद्योगद्वारा प्रयोगको लागि तोकिएको छ। इकोपार्क (EcoPark)ले पूर्वाधारमा रिसाइकल गर्नेहरूको खर्च कम गर्ने तथा उन्नत प्रविधिहरू र रिसाइकल प्रक्रियाहरूमा उनीहरूको लगानीलाई प्रोत्साहन गर्ने उद्देश्यले रिसाइकल उद्योगका लागि सस्तो लागतमा दीर्घकालीन जग्गा उपलब्ध गराउँछ। इकोपार्क (EcoPark)ले स्थानीय वातावरणीय र रिसाइकल उद्योगको विकासलाई प्रवर्द्धन गर्दै, उत्पादन लाइन र उपभोग लूपमा पुन: प्रयोग गर्न मिल्ने सामग्रीहरू फिर्ता गरेर फोहोरलाई स्रोतहरूमा परिणत गर्न प्रवर्द्धन गर्ने प्रयास गर्दछ।

इकोपार्क (EcoPark)को बारेमा थप जानकारीको लागि, कृपया https://www.ecopark.com.hk/en/index.aspx मार्फत वेबसाइटमा जानुहोस्।

WEEE·PARK एउटा अत्याधुनिक फोहोर विद्युतीय र इलेक्ट्रोनिक उपकरण (Waste Electrical and Electronic Equipment, WEEE) उपचार र रिसाइकल गर्ने स्थल हो। यसले WEEEमा उत्पादक जिम्मेवारी योजनाको समर्थनमा स्रोतहरूको दिगो प्रयोग प्रतिको हङकङको प्रतिबद्धतालाई जनाउँछ। संसारमा यस प्रकारको अग्रणी सुविधाहरू मध्ये एकको रूपमा, WEEE·PARK ले नियमन गरिएको WEEEलाई डिटोक्सिफिकेशन, विघटन र रिसाइक्लिंग प्रक्रियाहरू मार्फत मूल्यवान माध्यमिक कच्चा पदार्थहरूमा परिणत गर्न उन्नत प्रविधिहरू अपनाउछ।

WEEE·PARK को बारेमा थप जानकारीको लागि, कृपया यसको वेबसाइट www.weee.gov.hk/en मा जानुहोस्।

T·PARK Tuen Mun मा अवस्थित एक आत्मनिर्भर स्लज प्रशोधन परिसर हो जसले एउटै कम्प्लेक्स भित्र स्लज इन्सिनरेशन, ऊर्जा रिकभरी, समुद्री पानी डिसेलिनेशन र फोहोर पानी प्रशोधन सहित विभिन्न उन्नत प्रविधिहरू संयोजन गर्दछ। यसको दैनिक २,००० टन फोहोरको स्लज प्रशोधन गर्ने क्षमता छ। फोहोर जलाउने क्रममा उत्पादित ताप उर्जालाई सार्वजनिक पावर ग्रिडमा निकासी गरी सम्पूर्ण परिसरलाई शक्ति दिन बिजुलीमा परिणत

गरिन्छ। T·PARK ले शैक्षिक, मनोरञ्जनात्मक र पर्यावरणीय सुविधाहरू पनि प्रदान गर्दछ, जस्तै, प्रदर्शनी क्षेत्रहरू, एक इको-क्याफे र स्पा पूलहरू, जसलाई आगन्तुकहरूले फोहोर-देखि-ऊर्जा (waste-to-energy)को फाइदाहरूको अनुभव र मूल्यांकन गर्न सक्नुहुनेछ।

T·PARK को बारेमा थप जानकारीको लागि, कृपया वेबसाइट www.tpark.hk/en मा जानुहोस्।

अर्गानिक रिसोर्स रिकभरी सेन्टर फेज १ (O·PARK1), नर्थ लान्टाउ (North Lantau)को सिउ हो वान (Siu Ho Wan)मा अवस्थित, पहिलो जैविक स्रोत रिकभरी सेन्टर हो जसले खाद्यजनक फोहोरलाई बिजुली उत्पादनको लागि बायोगैसमा रूपान्तरण गर्न एनारोबिक पाचन प्रविधि अपनाउछ। यस प्रक्रियाबाट आउने अवशेषहरूलाई भूनिर्माण र कृषि प्रयोगको लागि कम्पोस्टको रूपमा उत्पादन गर्न सकिन्छ। यो परिसर प्रति दिन २०० टन खाद्यजनक फोहोर ह्यान्डल गर्न सक्षम छ। नर्थ डिस्ट्रिक्ट (North District)मा अवस्थित अर्गानिक रिसोर्स रिकभरी सेन्टर फेज २ (O·PARK2) ले खाद्य फोहोरलाई मार्च २०२४ बाट प्राप्ति र प्रशोधन गर्न थाल्यो। यो परिसर प्रति दिन ३०० टन खाद्य फोहोर व्यवस्थापन गर्न सक्षम रहेको छ।

O·PARK बारे थप जानकारीको लागि, कृपया वेबसाइटमा जानुहोस्
www.opark.gov.hk/en
www.opark2.com.hk

## सोधपुछहरू र प्रदूषण उजुरीहरू

यदि तपाईंसँग वायु, आवाज, फोहोर पानी, फोहोर र अन्य वातावरणीय समस्याहरूको सम्बन्धमा कुनै सोधपुछ वा गुनासो छ भने, तपाईंले EPD को ग्राहक सेवा हटलाइन **२८३८-३१११**मा कल वा फ्याक्स पठाउन सक्नुहुन्छ। तपाईंले EPD वेबसाइट मार्फत हामीलाई प्रदूषण उजुरी पनि दर्ता गर्न सक्नुहुन्छ।

## वायु गुणस्तर स्वास्थ्य सूचकांक

EPD ले बाह्य वातावरणमा वायु प्रदुषणको विभिन्न स्तरहरूबाट पर्न आउने अल्पकालीन स्वास्थ्य जोखिमहरूको बारेमा सामान्य जनतालाई सञ्चार गर्न वायु गुणस्तर स्वास्थ्य सूचकाङ्क (Air Quality Health Index, AQHI) प्रयोग गर्दछ। प्रतिघण्टा रिपोर्ट गरिने यस AQHI ले जनतालाई आफ्ना बाह्य वातावरणमा हुने शारीरिक गतिविधिहरूका बारेमा

निर्णय गर्न अनुमति दिन्छ, र यसले विशेष गरी बच्चाहरू, वृद्धहरू र हाल हृदय वा श्वासप्रश्वाससम्बन्धी रोगहरू भएका संवेदनशील समूहहरूलाई आवश्यक पर्दा सावधानीका उपायहरू लिन उत्प्रेरित गर्दछ।

AQHI जानकारी रेडियो, टेलिभिजन र पत्रपत्रिका मार्फत प्रसारित गरिन्छ। तपाईले EPD को वेबसाइट http://www.aqhi.gov.hk/en.html बाट, AQHI मोबाइल एपबाट र AQHI हटलाइनमा **२८२७-८५४१**मा कल गरेर पनि अद्यावधिक जानकारी प्राप्त गर्न सक्नुहुन्छ।

## पर्यावरण शिक्षा र चेतना

EPD ले विभिन्न अभियानहरू र सामुदायिक कार्यक्रमहरू मार्फत सार्वजनिक वातावरणीय चेतना अभिवृद्धि गर्न सरकारले नियुक्त गरेको वातावरणीय अभियान समिति (Environmental Campaign Committee, ECC) सँग मिलेर काम गरिरहेको छ। कार्बन तटस्थता, फोहोर न्यूनीकरण र रिसाइकल, कम कार्बन जीवनशैली, ऊर्जा र प्रकृति संरक्षण, आदि लगायतका प्रवर्द्धन गर्ने गतिविधिहरू वर्षभरि आयोजित हुन्छन्। कम कार्बन जीवनशैली र आम जनतामा कार्बन तटस्थताको सरकारको प्रवर्द्धनलाई समर्थन गर्न, ECC ले वान चाइ (Wan Chai)मा "kNOw Carbon House" नामक वातावरणीय शिक्षा केन्द्र (Enviroment Education Centre) चलाउँछ। यसमा विद्यार्थीहरू, व्यक्ति र सामुदायिक समूहहरूका लागि वार्ता, कार्यशाला, आदि समावेश गर्ने निर्देशित भ्रमण कार्यक्रमहरू आयोजना गरिन्छ।

| Name | Address | Enquiry |
|---|---|---|
| kNOw Carbon House | 221 Queen's Road East Wan Chai, Hong Kong | 9100-9590 |

kNOw Carbon House बारे थप जानकारीको लागि, कृपया वेबसाइट www.knowcarbonhouse.hk/en मा जानुहोस्।

सामुदायिक वातावरणीय शिक्षा कार्यक्रमहरू आयोजना गर्न स्थानीय योग्य संस्थाहरूलाई सहयोग गर्न वातावरण र संरक्षण कोष (Environment and Conservation Fund,ECF) द्वारा अनुदान पनि उपलब्ध गराइएको छ।

ECF/ECC गतिविधिहरू/कार्यक्रमहरूको विवरणहरू यहाँबाट प्राप्त गर्न सकिन्छ:

| | |
|---|---|
| **ECF** | |
| सोधपुछ हटलाइन: | **२८३५-१२३४** |
| वेबसाइट: | www.ecf.gov.hk |
| | |
| **ETC** | |
| सोधपुछ हटलाइन: | **२५१९-९१७३** |
| वेबसाइट: | www.ecc.org.hk/मा |
| फेसबुक/इन्स्टाग्राम: | ecc1990 |